# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ७ प्रकाशन मितिः २०८२/०१/१६


## भाग २

त्रिवेणी गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/१०

गाउँ कार्यपालिकाबाट पहिलो संशोधन स्वीकृत मिति : २०८२/०१/११

**प्रस्तावना :**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत रोजगारी, श्रम तथा खाद्य सम्बन्धी अधिकार सुनिश्चित गर्दै समग्र विकासका लागि नागरिकहरुको चेतनास्तर अभिवृद्धि गरी उद्यमशीलता, जीविकोपार्जन, आर्थिक तथा सामाजिक सशक्तिकरणमा सुधार गर्न तथा स्रोतसाधन, श्रम र सीपको उचित परिचालन मार्फत् **सबैको भलाईका लागि उद्यमशिलता सीप (टेवा)** को अवधारणामा आधारित

“आफ्नै श्रोत, श्रम र सीपको सम्मानः आत्मनिर्भरताको पहिचान” भन्ने अभियानका साथ “आत्म निर्भरताको पद्धतिः हाम्रो जीवन समृद्धि” को उद्देश्य पूरा गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा “उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०” को पहिलो संशोधन स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **“उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२”** रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “गाउँपालिका” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनुपर्छ ।

(ख) “कार्यविधि” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको उद्यमशिलता कार्यक्रम कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ लाई सम्झनुपर्छ ।

(ग) “गाउँ कार्यपालिका” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) “संयोजक” भन्नाले यसै कार्यविधि बमोजिम गठन भएको कार्यक्रम निर्देशक समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “गाउँ कार्यपालिकाको कार्यालय” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाको कार्यालय, जुगारलाई सम्झनु पर्दछ ।

(ज) “वडा कार्यालय” भन्नाले त्रिवेणी गाउँपालिका अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) “लक्षित वर्ग” भन्नाले यस कार्यविधिमा उल्लेख गरिए बमोजिम अति विपन्न, जोखिममा परेका परिवारका व्यक्तिहरु र वञ्चितीकरणमा परेका तथा राज्यका लाभ उपभोगको पहुँचभन्दा बाहिर रहेका कृषक, उद्यमी लगायतलाई सम्झनु पर्दछ ।

(ञ) “समूह” भन्नाले यस कार्यविधिमा उल्लेख गरिए बमोजिमको गठित समूहलाई सम्झनु पर्दछ ।

३. **उद्देश्य :** उद्यम विज्ञ, कृषि प्राविधिक र ग्रामीण विकास सहजकर्ता परिचालन मार्फत विज्ञ सेवा र निरन्तर फलोअप, उपयुक्त प्रविधि, तालिम तथा वित्तीय व्यवस्थापन सहितको एकिकृत टेवा प्रदान गरी लक्षित वर्गको क्षमता अभिवृद्धि, स्थानीय स्रोतको परिचालन, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना

तथा उद्यमशिलताको प्रवर्द्धन गर्ने तथा दिगो र समावेशी आर्थिक विकासमा योगदान पुर्‍याउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरु देहायानुसार रहेका छन्-

- अतिविपन्न, जोखिममा परेका परिवारका व्यक्ति र वञ्चितीकरणमा परेका तथा राज्यका लाभ उपभोगको पहुँचभन्दा बाहिर रहेका कृषक र, कृषि व्यवसाय श्रृंखलामा आवद्ध अन्य उद्यमीहरुको उद्यमशिलतामा अभिवृद्धि गर्ने,
- ग्रामीण विकास सहजकर्ता मार्फत कृषक तथा उद्यमीहरुको समूह गठन गरी बजारको मागमा आधारित व्यवसायहरु पहिचान गर्ने, गराउने एवं परिवार/उद्यमीलाई उनीहरुको बजार, अनुभव, श्रोतसाधन र पारिवारिक अवस्थामा आधारित सही व्यवसायको छनौट गर्न प्रेरित गर्ने,
- समूहका उद्यमीहरुले छनौट गरेका व्यवसायको व्यावसायिक योजना तयार गर्न आवश्यक सहजीकरण गर्ने,
- उद्यमी तथा समूहको आचारसंहिता निर्माण गरी कडाईका साथ लागु गर्न सहजीकरण गर्ने साथै उद्यमशिलताको लागि कृषकहरुको व्यवहार परिवर्तन हुने क्रियाकलापहरु सञ्चालन गर्ने,
- जीविकोपार्जन सुधारका लागि व्यावसायिक योजना निर्माण गरी व्यवसाय सञ्चालन गर्न सहजीकरण गर्ने साथै कारोबारलाई अभिलेखिकृत गरी वित्तीय व्यवस्थापनमा सहयोग गर्ने,
- वित्तिय साक्षरता, डिजिटल साक्षरता तथा आधुनिक प्रविधि सम्बन्धी ज्ञान सिप अभिवृद्धि गर्दै, स्थानिय समुदायको प्रविधिमा पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउने,
- उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बजारसँग पुलको काम गर्ने साथै डिजिटल प्रविधिको माध्यमबाट बजारीकरणको अवधारणाको विकास गर्ने,
- लक्षित वर्ग मध्येका केहीलाई पारदर्शी प्रक्रिया अपनाई नमुना कृषक र नमुना उद्यमीको रुपमा विकास गर्न छनौट गर्ने एवं उनीहरुलाई शर्तसहित सस्तो तथा सहुलियतपूर्ण ब्याज दरमा ऋण प्रदान गर्न घुम्ती कोष रकम समूहलाई उपलब्ध गराउने,
- कृषक, उद्यमी लगायतका लक्षित वर्गको जीविकोपार्जनमा सुधार ल्याई आम्दानीको केही भाग तिनका सन्ततीको सर्वोत्तम हितमा लगानी गर्न प्रतिवद्ध बनाउने,
- सामाजिक विकासका तत्वहरु शिक्षा, स्वास्थ्य, वित्त र चेतनाको विस्तारमा टेवा पुर्‍याउने ।

४. **अपेक्षित प्रतिफल :** सामाजिक-आर्थिक रुपान्तरणको अभियानको रुपमा सञ्चालन हुने यस कार्यक्रमबाट देहायको प्रतिफल प्राप्त हुनेछ-

- लक्षित परिवारका कृषकहरु स्थानीय कृषि तथा स्रोत साधनमा आधारित उद्यमहरुमा संलग्न भई आफ्नै पौरखबाट गौरवको अनुभूती गरेका हुनेछन् ।

- ग्रामीण विकास सहजकर्ताहरु मार्फत कृषक तथा उद्यमीको समूह गठन भई ज्ञान, सीप र प्रविधिको आदाप्रदान सहित उचित परिचालन भएको हुनेछ । साथै विकास प्रक्रियासँगै अघि बढ्दै कृषि व्यवसायमा डिजिटल प्रविधिको सिकाई तथा प्रयोगमा वृद्धि भएको हुनेछ ।
- गाउँपालिकाले प्रत्येक बस्तीको विशेषता अनुसार सो बस्तीमा के कस्ता उत्पादनमूलक वा अन्य व्यवसाय उपयुक्त हुन्छन् भनी अभिलेख राख्नेछ । साथै प्रत्येक बस्तीलाई कुनै न कुनै उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- पकेट क्षेत्रको रुपमा विकास गर्ने क्रममा आवश्यक प्राविधिक जनशक्ति, दक्ष कामदार, सङ्कलन केन्द्र, वित्तीय संस्था, मेसिन औजार, ढुवानी सेवा एवं डिजिटल सेवाको व्यवस्था गर्दै लगिनेछ ।
- वस्तुका खरिदकर्ता वा बजारसँग अन्तर्क्रिया गराई बजारमुखी उत्पादन गर्न गराउन प्रेरित गरिनेछ । उत्पादित वस्तुको प्रर्याप्त बजारीकरण भएको हुनेछ ।
- समूहले सदस्यका लागि केही प्रतिबद्धता तथा आचारसंहिता तयार गरी पालना गरे, गराएका हुनेछन् । आफ्नो लगानी, मेहनत र आचारसंहिताको पालनाबाट उनीहरु व्यवसायमा सफल हुँदै जानेछन् र अरुको लागि पनि नमुना बनेका हुनेछन् । आचारसंहिताको पालन नगर्ने सदस्यलाई समूह वा गाउँपालिकाले यस कार्यविधिमा उल्लेखित सेवाबाट वञ्चित गराउन सक्नेछ ।
- उद्यमीहरुले व्यवसायमा भएको खर्च, लगानी एवं बिक्रीको हिसाब राखी आवधिक र वार्षिक रुपमा भएको खुद नाफा पत्ता लगाउनेछन् । साथै आ-आफ्नो परिवारको आम्दानी र खर्चको मासिक विश्लेषण गरी परिवारलाई फाइदामा अगाडि बढाएका हुनेछन् ।
- समुदायमा शिक्षा, स्वास्थ्य र चेतनास्तरमा वृद्धि भएसँगै लक्षित वर्गको जीवनस्तरमा सुधार आउनुका साथै लक्षित वर्गका सन्ततीको सर्वोत्तम हितको लागि लगानीमा वृद्धि भएको हुनेछ ।
- स्थानीय सरकार तथा विकास साझेदार निकायहरुको सहयोग प्राप्त भई नयाँ-नयाँ प्रविधिको विकास, अध्ययन, अवलोकनमा बढोत्तरी हुनेछ ।
- विषादी रहित अर्गानिक खेतीको प्रवर्द्धनसँगै होमस्टे स्थापना गर्ने र आगन्तुक पाहुनालाई अर्गानिक वस्तु उपहार (कोशेली) प्रदान गरेको हुनेछ ।

५. **लक्षित वर्गको पहिचान तथा छनौट :** अति विपन्न तथा जोखिममा परेका परिवारका व्यक्तिहरु र वञ्चितीकरणमा परेका तथा राज्यका लाभ उपभोगको पहुँचभन्दा बाहिर रहेका कृषक, उद्यमी लगायतलाई कार्यक्रममा छनौटको लागि पहिलो प्राथमिकता दिइनेछ । लक्षित वर्ग पहिचान तथा छनौटको लागि निम्न प्रक्रिया अपनाइनेछ-

- गाउँपालिकाका टोलबस्तीहरुमा व्यावसायिक रुपमा कृषि तथा उद्यम व्यवसायमा संलग्न भएका तथा संलग्न हुन चाहने १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेका विपन्न परिवारका व्यक्तिहरु,

वैदेशिक रोजगारीबाट फर्केका तथा अन्य पेशा व्यवसाय छोडेर खाली बसेका बेरोजगार व्यक्तिहरुबाट पाँचदेखि सात जनाको प्रस्तावित समूह बनाई कार्यक्रममा सहभागी हुन आवेदन माग गरी कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

- कार्यक्रममा सहभागी हुन आवेदकहरु यस गाउँपालिकामा विगत ६ महिनादेखि स्थायी रुपमा बसोबास गरिरहेको र कार्यक्रमको लागि तोकिएको लक्षित वर्ग हुनुपर्नेछ ।
- लाभग्राहीहरुले प्रस्तावित समूह निर्माण गर्दा वडा कार्यालयको जनप्रतिनिधि, कार्यक्रम सुपरभाइजर वा ग्रामीण विकास सहजकर्ताहरुबाट परामर्श लिनुपर्नेछ ।
- लगानी गर्न नसक्ने, श्रोतसाधन जुटाउन नसक्ने जस्ता अन्य कारणले कोही व्यवसायमा पाइला बढाउन इच्छुक नभएको तर प्राविधिक जनशक्तिको रुपमा वा दक्ष कामदारको रुपमा काम गर्न इच्छुक भएका व्यक्तिहरुलाई सोही कामहरुका लागि प्रेरित गरिनेछ ।
- आवेदन पेश तथा लाभग्राही छनौट गर्दा दलित, जनजाति, विपन्न खसआर्य, अपाङ्गता भएका व्यक्ति, एकल तथा विधवा महिला लगायतको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- छनौट भएका प्रस्तावित लाभग्राही समूहको अन्तिम विवरण कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गर्नेछ । स्वीकृत लाभग्राही विवरण प्रकाशन गर्दा स्वीकृत संख्याको १० प्रतिशतमा नबढ्ने गरी वैकल्पिक समूहको सूची समेत प्रकाशन गर्नुपर्नेछ ।
- यस कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहायानुसारको कार्यक्रम निर्देशक समिति गठन गरिनेछ-

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| संयोजकले तोकेको एक महिलासहित दुई जना कार्यपालिका सदस्य | - सदस्य |
| उद्यमशिलता विकास कार्यक्रम संयोजक | - सदस्य सचिव |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

समितिको बैठकमा सबै वडाका अध्यक्ष, विज्ञ तथा अन्य कर्मचारीहरुलाई समेत आवश्यतानुसार आमन्त्रण गर्न सकिनेछ । बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६. **उद्यमी समूह, संस्था गठन तथा क्षमता विकास :** (१) समूह तथा संस्थाको गठन र पदाधिकारीको छनौट सम्बन्धी व्यवस्था : दफा ५ बमोजिम छनौट भएका प्रस्तावित लाभग्राही समूहको वडागत भेला आह्वान गरी कृषक तथा उद्यमीलाई कार्यक्रममा समावेश गराउन, प्रविधि विस्तार र

प्रभावकारी सूचना आदानप्रदान गर्न, समस्याको स्थानीय तवरमा नै समाधान खोज्न, स्थानीय श्रोत र साधनको परिचालन गर्न, सामुहिक क्षमताको विकास गर्न र सदस्यहरुमा आत्मनिर्भरता बढाउन देहायानुसार उद्यमी समूह गठन गरिनेछ-

- पाँचदेखि सात जना व्यक्तिहरु मिली बनेको उद्यमी समूह गठन तथा नामाकरण गरिनेछ ।
- एक जनालाई समूहको संयोजक वा टोली नेताको छनौट गर्नुपर्नेछ ।
- कुनै एक वा दुई सदस्य व्यवसाय तथा कामको अप्ठ्यारो परिस्थितिमा सहयोगी बन्नुपर्नेछ ।
- ऋण लिँदा धितो नभएकाहरुको लागि दुई जना जमानी रहेको निश्चित समयको तमसुक गरी संस्थाबाट आलोपालो ऋण पाइनेछ ।
- समूहका सदस्यहरुको मासिक रुपमा २ घण्टाको अनिवार्य नियमित बैठक बसी बचत जम्मा गर्नुपर्नेछ ।

(२) यसरी गठन भएका कम्तिमा ५ वटा र अधिकतम ७ वटा उद्यमी समूहबाट उद्यमी संस्थाको गठन गरिनेछ । संस्थाको संरचना देहाय बमोजिमको हुनेछ-

| | |
|---|---|
| अध्यक्ष | - एक जना |
| सचिव | - एक जना |
| कोषाध्यक्ष | - एक जना |
| सदस्य | - बाँकी सबै सदस्यहरु |

उल्लेखित मूल संस्थाले आवश्यकतानुसार नीति, नियम बनाउने र व्यवस्थापन समिति, लेखा समिति र अनुगमन समिति लगायतको गठन गर्नुपर्नेछ । संस्था सञ्चालनको कार्यविधि संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ । यसरी गठन गरिएको संस्थालाई विकसित गराएर सहकारी संस्था समेतमा रुपान्तरण गर्न सकिनेछ ।

(३) समूह तथा संस्थाको लक्ष्य तथा उद्देश्य निर्धारण : संस्था गठन गर्दा तपसिल बमोजिमका विषयको समेत सुनिश्चितता गरी समूहको लक्ष्य तथा उद्देश्य निर्धारण गरिनेछ-

- समुदायस्तरीय साधन श्रोत र सीपको नक्शाङ्कन गर्ने,
- कार्यक्रम अन्तर्गतका कार्यहरुलाई पारदर्शी तरिकाबाट सञ्चालन गर्ने,
- नियमित बैठकहरु गर्न लगाई क्षमता अनुसार मासिक रुपमा नियमित बचत गर्न लगाउने,
- समुदाय विकासका सम्भावना पहिल्याई, प्राथमिकताका साथ कार्यान्वयन गर्न सहयोग गर्ने ।

(४) समूह तथा संस्थाको आम्दानी : व्यवसाय सञ्चालन गर्न उद्यमीले अनिवार्य रुपमा केही रकम समूह तथा संस्थाको चालु कोषमा जम्मा गर्नुपर्नेछ । समूहको निर्णय अनुसार महिनाको नियमित बैठकमा न्यूनतम रु. ५० भन्दा बढि रकम अनिवार्य बचत पास बुकमा दुरुस्त राखिदिनु पर्नेछ ।

- ऋण लगानी गर्दा उद्यमीहरुलाई मासिक १% ले वार्षिक १२% अधिकतम ब्याज कायम गरिनेछ। सो मध्येमा ६% रकम बचत तथा आम्दामी जम्मा गर्ने सदस्य वा समूहलाई, ३% रकम समुदायको क्षमता विकासको लागि हित कोष स्थापना र बाँकी ३% रकम ग्रामीण विकास सहजकर्ता (RDF) को पारिश्रमिकको रुपमा परिचालन गर्नुपर्नेछ।
- सरकारी तथा गैरसरकारी निकायबाट अनुदान प्राप्त भएमा कार्यक्रमको लागि भनिएकोमा सोही अनुसार कार्यक्रम सञ्चालन गरी सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरेर आवश्यक कागजात तथा बिलभरपाई दुरुस्त राख्नुपर्नेछ भने बिउ पूँजी वा लगानी वा अन्य कुनै कुरा उल्लेख भएमा सम्झौता अनुसार हुनेछ । न्यूनतम् १० हजारदेखि माथिको सहयोग गर्ने सहयोगी निकायलाई उद्यमी संस्था, वडा तथा गाउँपालिकाबाट सहयोग रकम अनुसार प्रमाणपत्र, शिलालेख, ताम्रपत्र लगायतबाट सम्मान गरिनेछ।
- दफा ६ का सम्पूर्ण क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने गराउने प्रमुख जिम्मेवारी सम्बन्धित कार्यक्रमको संयोजक, कार्यक्रम सुपरभाइजर, वडा कार्यालयका कृषि तथा भेटेरीनरी प्राविधिक र ग्रामीण विकास सहजकर्ता (RDF) को हुनेछ।

७. **कार्यक्रमको लागि कोष तथा ऋण परिचालन :** (१) सबैको भलाईका लागि उद्यमशिलता सीप (टेवा) को अवधारणा अनुरुप विभिन्न स्रोतबाट प्राप्त रकमलाई उद्यमी संस्थाको चालु खातामा जम्मा गरिनेछ । हित कोषको लागि जम्मा गर्नुपर्ने बाहेक समूह तथा संस्थाको सम्पूर्ण रकम चालु खाताबाटै परिचालन गरिनेछ।

(२) समूह वा संस्थाको चालु खातामा गाउँपालिकाले पहिलो पटकको लागि बिउ पूँजीको रुपमा घुम्ती कोषको अवधारणा अन्तर्गत निश्चित रकम उपलब्ध गराउन सक्नेछ। उक्त रकम समूह वा संस्थाका सदस्यहरुले उद्यम कर्जा अन्तर्गत प्राप्त गर्नेछन्। त्यसका लागि सदस्यहरुले समूह वा संस्थामा क्रियाकलापको विवरण ऋण रकम खुलाई निवेदन दिनु पर्नेछ। ऋण परिचालनका लागि उपयुक्त सदस्यहरु छनौटको लागि उद्यमी संस्थाले छनौट समिति गठन गरी सोही समितिको सिफारिसको आधारमा हुनेछ।

(३) समूहमा खेतियोग्य जग्गा प्रशस्त नभएका वा सामुहिक खेती गर्न इच्छुक उद्यमी सदस्यहरुलाई गाउँपालिकाले खाली जमिन वा कुनै व्यक्तिको जमिन भाडामा लिएर सामुहिक खेती वा अन्य उद्यमका लागि सहयोग गर्नेछ।

८. **समूहको बैठक सञ्चालन :** समूह, समूह हुँदै गठन गरिएको उद्यमी संस्थाको नियमित बैठक मासिक रुपमा बस्ने र गाउँपालिकास्तरको संस्था भएमा गाउँपालिका अध्यक्ष वा प्रतिनिधि र ग्रामीण विकास सहजकर्ता (RDF) समेतको उपस्थितिमा ६ महिनामा एक पटक बस्नेछ । उक्त बैठकमा प्रत्येक हप्तामा प्रत्येक उद्यमीको व्यावसायिक कार्ययोजना अनुसार काम भए, नभएको जानकारी लिई सो

सम्बन्धमा लिखित रुपमा पृष्ठपोषण गर्ने व्यवस्था गरिनेछ । बैठकमा उद्यमीले आफैद्वारा निर्मित नीति, नियम पालना गरे, नगरेको तथा परिवर्तन मापनको तुलना गर्ने, आगामी महिनाको विस्तृत कार्ययोजना बनाई प्रमुखबाट अनुमोदन गर्ने र समूहको बचत, ऋण, क्षमता विकास तथा प्राविधिक तालिम लगायत समग्र विषयको छलफल तथा निर्णय गरिनेछ । यी सबै कुराको सहजीकरण ग्रामीण विकास सहजकर्ताले गर्नेछ ।

९. **पदाधिकारी तथा सदस्यहरुको क्षमता अभिवृद्धि :** लघु उद्यमी समूह तथा संस्थाका पदाधिकारी तथा सदस्यहरुको क्षमता विकासको लागि तपसिलका तालिमहरु सञ्चालन गरिनेछ-

- ज्ञान एवं सीपमा अभिवृद्धि गर्न व्यवहारिक एवं सीपमूलक तालिमहरु सञ्चालन गर्ने ।
- उद्यमशिलता विकास तथा व्यावसायिक योजना सम्बन्धी तालिमहरु सञ्चालन गर्ने ।
- समूहगत रुपमा अन्तरक्रिया तथा छलफलहरु गराउने ।
- लेखा प्रणाली, कार्यालय व्यवस्थापन, नेतृत्व विकास एवं समूह व्यवस्थापन आदिको ज्ञान दिने ।
- कृषिमा व्यावसायिकता र प्राविधिक क्षमता विकास लगायतका तालिम तथा प्रशिक्षण दिने ।

१०. **संस्थागत विकास सम्बन्धी व्यवस्था :** (१) लघु उद्यमी समूह तथा संस्थाको संस्थागत क्षमता विकासको लागि तपसिलका तालिमहरु सञ्चालन गरिनेछ-

- समूहलाई संस्थागत स्वरुप दिन सहयोग गर्ने ।
- गाउँपालिकाको सम्बन्धित शाखामा दर्ता गरी कानूनी मान्यता दिलाउने ।
- श्रोत बाँडफाँट एवं विकास कार्यक्रममा दोहोरोपना नआउने गरी समन्वय गर्ने ।
- समान उद्देश्य भएका संस्थाहरुको सञ्जाल (Network) बनाउने ।

११. **समूहले पालना गर्नुपर्ने आचारसंहिता :** समूहको आधारभूत आचारसंहिता देहायानुसार हुनेछ-

**(क) समूहले समान उद्देश्य राख्नुपर्ने**

ग्रामीण समुदायमा विभिन्न व्यक्तिहरुका उद्देश्यहरु समान हुन्छन् । जस्तै, आर्थिक स्थिति सुधार्ने, सामाजिक स्थिति सुधार्ने र कृषिको व्यावसायीकरण गर्ने आदि । यस्ता उद्देश्यहरु ग्रामीणस्तरमा एउटैको प्रयासबाट प्राप्त गर्न कठिन हुन्छ र सामुहिक प्रयास भएमा ती उद्देश्यहरु सजिलैसँग प्राप्त गर्न सकिन्छ । हाम्रो सन्दर्भमा समूहमा संलग्न प्रत्येक व्यक्तिले प्राप्त गर्न खोजेका उद्देश्य व्यावसायिक कृषि कार्य भएकाले त्यसलाई नै समान उद्देश्य मानिनेछ ।

**(ख) पारस्पारिक निर्भरता कायम गर्ने**

कुनै पनि कार्य गर्न समूहका सदस्यहरुको सहयोगको खाँचो पर्छ भने त्यसलाई पारस्पारिक निर्भरता भनिन्छ । आर्थिक स्थितिमा सुधार गर्नहोस् वा अरु कुनै पनि लक्ष्य प्राप्त गर्नका लागि विभिन्न श्रोत साधनको खाँचो पर्दछ । जस्तैः- कार्य अनुभव, कार्य क्षमता र अन्य श्रोत साधन । यस्ता कुराहरु समूहका विभिन्न व्यक्तिहरुसँग हुन्छन् । तसर्थ समूहको लक्ष्य प्राप्त गर्न यसका सदस्यहरु एक अर्कोमा निर्भर हुनेछन् ।

**(ग) सामुहिक निर्णय प्रक्रिया अवलम्बन गर्ने**

समूहका सदस्यहरुले एकआपसमा छलफल गरी निर्णय गर्दछन् भने त्यसलाई सामुहिक निर्णय भनिन्छ । यस्तो निर्णय प्रभावकारी हुन्छ । ग्रामीण विकास सम्बन्धी काम समूह र व्यक्ति दुवैले गर्दछन् । व्यक्तिगत रुपमा काम गर्दा निर्णय व्यक्तिले लिन्छ । समूहमा काम गर्दा त्यसका सदस्यहरुले छलफल गरेर निर्णय लिन्छन् । समूहले धेरैका विचारहरुलाई मन्थन गरेर निर्णय गर्दा बढी प्रभावकारी हुनेहुँदा सामुहिक निर्णय प्रक्रियालाई अवलम्बन गरिनेछ । धेरै लामो समयसम्म निर्णय हुन नसकेका विषयहरु अधिकतम सहमति जुटाई बहुमतबाट निर्णय गर्न बाधा पुगेको मानिने छैन । यस्तो निर्णय सबैको लागि मान्य हुनेछ ।

**(घ) समूहका सदस्यहरुले सामुहिक जिम्मेवारी लिने**

जिम्मेवारी बहन गर्नु भनेको तोकिएको कामलाई चासो लिएर पूरा गर्नु हो । संस्था वा समूहको विकासको लागि त्यसमा संलग्न व्यक्तिहरुले आफूलाई सुहाउँदो जिम्मेवारी लिन, त्यसलाई बहन गर्न र एकले अर्कोलाई सहयोग आदानप्रदान गर्न जरुरी हुन्छ । समूहमा प्रत्येक सदस्यले जिम्मेवारी लिएको हुन्छ र सो बहन गर्न उनीहरु सबै जिम्मेवार हुनु पर्नेछ ।

**१२. लघु उद्यमी समूह वा संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

- बैठक आह्वान गर्नु तथा अध्यक्षता ग्रहण गर्नु,
- गणपूरक संख्या पुगेपछि समयमा बैठक सञ्चालन गर्नु,
- एजेण्डा पेश गर्नु तथा अनुशासन कायम राख्नु,
- प्रत्येक सदस्यलाई बोल्ने मौका दिनु,
- अरुको कुरा सुनी जायज कुरा स्वीकार गर्नु,
- छलफललाई विषयको परिधिभित्र राख्नु,
- महत्वपूर्ण कुरा टिप्नु, निर्णय अभिलेख गराउनु,
- निर्णयमा सबैको सहमति भएको सुनिश्चित गर्नु,

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

- अध्यक्षको काममा सहयोग पुऱ्याउने,
- अध्यक्षले आफ्नो अधिकारभित्र रही लिखित रुपमा प्रत्यायोजन गरेका कार्यहरु गर्ने,
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार**

- अध्यक्षको निर्देशानुसार समयमा बैठक बोलाउनु,
- एजेण्डाहरु तयार गर्नु,
- समयमा बैठकमा भाग लिनु,
- अनुशासनमा रहनु,
- अरुको कुरा सुनी जायज कुरा स्वीकार गर्नु,
- विषयको परिधिभित्र रही बोल्नु,
- छलफलमा भएको कुरा टिप्नु,
- निर्णय अभिलेख गर्नु तथा अभिलिखित निर्णय सुनाउनु,
- निर्णय पुस्तिकामा सही गराउनु,
- निर्णय कार्यान्वयन गर्नु, गराउनु, ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

- समयमै बैठकमा भाग लिनु,
- अनुशासनमा रहनु,
- छलफलमा भाग लिनु,
- अरुको जायज कुरा सुनी स्वीकार गर्नु,
- विषयको परिधिभित्र रही बोल्नु,
- सदस्यता शुल्क, प्रवेश शुल्क, दण्ड जरिवाना आदिबाट उठेको रकमको हिसाब राख्नु,
- समूहको कोष वृद्धि हुनेतर्फ प्रयत्नशील हुनु ।

**(ङ) सदस्यको काम, कर्तव्य र अधिकार**

- समयमा बैठकमा भाग लिनु,
- अनुशासनमा रहनु,
- छलफलमा भाग लिनु,
- अरुको जायज कुरा सुनी स्वीकार गर्नु तथा पालो लिएर बोल्नु,
- विषयको परिधिभित्र रही बोल्नु,
- चित्त नबुझेको कुरा भन्नु,
- समितिको निर्णयहरु पालना गर्नु ।

**१३. कर्मचारी सम्बन्धी व्यवस्था :** (१) यस कार्यक्रमको प्रभावकारी सञ्चालनको लागि एकजना कार्यक्रम संयोजक र दुईजना कार्यक्रम सुपरभाइजर गाउँपालिकाले सेवा करारमा खटाउन सक्नेछ । उल्लिखित कर्मचारी पदपूर्ती नभएको अवस्थामा निर्देशक समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम संयोजक तथा कार्यक्रम सुपरभाइजर तोक्नु पर्नेछ ।

(२) त्यसैगरी सम्बन्धित टोलबस्तिमा फिल्डको कामकाज गर्नको लागि स्वयम्सेवी भूमिका रहने गरी ग्रामीण विकास सहजकर्ता (RDF) परिचालन गरिनेछ । उक्त सहजकर्ता सम्बन्धित उद्यमी संस्थाबाट वा खुला प्रतिष्पर्धाबाट अनुसूची २ अनुसारको योग्यता भएका व्यक्तिहरु छनौट गरिनेछ । ग्रामीण विकास सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता १८ वर्ष पूरा भएको ४० वर्ष ननाघेको र एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(३) कार्यक्रम संयोजक र कार्यक्रम सुपरभाइजरको सेवा करारमा पदपूर्ती भएमा गाउँपालिकाको नियम अनुसार पारिश्रमिक उपलब्ध हुने साथै स्वयम्सेवी भूमिकाले परिचालित ग्रामीण विकास सहजकर्ताको निर्वाह भत्ता रु. १०,०००/- वा काम गरेको डोर हाजिर बमोजिम नेपाल सरकारद्वारा निर्धारित न्यूनतम दैनिक ज्याला वा प्रति घण्टाको दरले उपलब्ध हुनेछ । उद्यमी संस्था तथा समूह स्थापित नहुञ्जेलसम्म उक्त रकम यसै कार्यक्रमबाट व्यहोरिनेछ ।

(४) यस कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि जिम्मेवारी तोकिएका कर्मचारी तथा सहजकर्ताहरुले निम्नानुसारका कार्य तथा शर्तहरु पालना गर्नुपर्नेछ-

- सामुदायिक छलफलबाट तोकिए अनुसार लक्षित सहभागि छनौट गर्ने,
- विभिन्न प्रयोजनका लागि तथ्याङ्क तथा विवरणहरु सङ्कलन गर्ने,
- निर्धारित पाठ्यक्रम अनुसार नतिजामूखी कक्षा तथा तालिमहरु सञ्चालन गर्ने,
- वित्तीय साक्षरता, डिजिटल साक्षरता र महिला सशक्तिकरण सम्बन्धी तालिमहरु सञ्चालन गर्ने र प्रत्येक सहभागीलाई नियमित अभ्यास गराई डिजिटल एप्सहरुमा दक्ष बनाउने ।
- नियमित घर भेटघाट, समूह भेटघाट र व्यवसायको अवलोकन गरी परामर्श दिने,
- विषयसँग सम्वन्धित सरोकारवाला तथा निकायसँग समन्वय, सहकार्य गरी सहभागिहरुको सम्बन्ध स्थापित गर्न सहयोग गर्ने,
- तोकिएको ढाँचा तथा समयभित्र निर्णय लेखन र प्रतिवेदन तयार गरी उपलब्ध गराउने,
- समहको सम्पूर्ण आर्थिक कारोबारहरुको अभिलेख दुरुस्त राख्न सहयोग गर्ने,
- नियमित बैठकहरुको सहजीकरण गर्ने,
- गुणस्तरीय बिउबिजन तथा औषधीको लागि सहजीकरण गर्ने,
- समूहमा आवश्यक सामग्री तथा सेवा खरीद योजना तथा प्रक्रियालाई सहजीकरण गर्ने,
- उद्यमीद्वारा उत्पादित वस्तुलाई बजारीकरण गर्न सहयोग गर्ने साथै उक्त कार्य गरिदिए वापत सेवा शुल्क लिन सक्ने,
- गाउँ कार्यपालिका वा निर्देशक समितिको निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

१४. **कर्मचारी तथा स्वयंसेवकमा हुनुपर्ने गुणहरु :** (१) कर्मचारी तथा ग्रामीण विकास सहजकर्ताहरुका निम्न गुणहरु हुनुपर्नेछ-

- सहनशिलता, आत्मविश्वास, भेदभाव रहित व्यवहार,
- शिष्ट व्यवहार एवं सबैलाई प्रभावित गर्न सक्ने,
- विषयवस्तुमा ज्ञान भएको र स्पष्ट वक्ता,
- आफ्ना उद्देश्य र लक्ष्य स्पष्ट भएको,
- सकारात्मक सोंच भएको,
- निर्णायकको भूमिका निर्वाह गर्न सक्ने ।

(२) माथि उल्लेखित बुदा अन्तर्गत रही हप्तामा एक पटक प्रत्येक उद्यमीको व्यावयायिक योजना अनुसार भए, नभएको जानकारी लिई पृष्ठपोषण गर्ने जसलाई लिखित रुपमा पनि राख्नु पर्नेछ । उद्यमी आफैंद्वारा स्वनिर्मित नीति नियम पालना गरे, नगरेको तथा परिवर्तन मापनको मूल्याङ्कन सहितको तुलना गरी आगामी अवधिको लागी थप सुधार गर्न पृष्ठपोषण समेत गर्नु पर्नेछ ।

१५. **गाउँपालिकाको भूमिका :** उद्यमी समूह तथा संस्थाहरुसँग सम्झौता गरी तोकिएका कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले निम्न बमोजिमको भूमिका तथा उत्तरदायित्व निर्वाह गर्नेछ-

(क) परियोजनाको बजेट तथा कार्यक्रमहरुको तर्जुमा गर्ने र कार्यान्वयनको लागि आवश्यक सहजीकरण गर्ने,

(ख) कार्यक्रमको समग्र व्यवस्थापनको लागि योजना बनाउने, स्वीकृत कार्यक्रम अनुसार आवश्यक कर्मचारी व्यवस्थापन, लजिस्टिक सामग्रीको व्यवस्था मिलाउने,

(ग) लाभग्राही समूह छनौटको लागि आवेदन माग गर्ने, छनौट गर्ने र अभिमुखीकरण गर्ने,

(घ) स्वीकृत कार्ययोजना अनुसार ग्रामीण विकास सहजकर्ताहरुबाट आवधिक रुपमा प्रगति प्रतिवेदन माग गर्ने, प्रतिवेदन विश्लेषण गर्ने र कार्यक्रमहरुलाई समयानुकुल बनाउने,

(ङ) कार्यक्रमका गतिविधिहरुको नियमित निरीक्षण तथा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(च) आर्थिक कारोबारको निरीक्षण तथा चेकजाँच गर्ने, समूह तथा संस्थाको रुपमा पालना गर्नुपर्ने ऐन, नियम तथा कानूनको पूर्ण पालना गराउने ।

१६. **कार्यक्रमका प्राथमिकता प्राप्त क्षेत्रहरु :** यस परियोजना अन्तर्गत कार्यक्रम सञ्चालन गर्दा तपसिलका कुराहरुलाई प्राथमिकतामा राखी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ-

- स्थानीय भूगोल, श्रोतसाधन र बजार अनुसार उपयुक्त व्यवसाय तथा बाली किटान गर्ने,
- बजारको माग अनुसार बाली, जात र लगाउने क्षेत्रफल निर्धारणमा सहजीकरण गर्ने,
- उन्नत तथा गुणस्तरीय बीउबिजन, औषधी र मलको परिमाण निर्धारण तथा वितरण गर्ने,

- कृषि सम्बन्धी तालिम, बाली प्रदर्शन, भ्रमण तथा अन्य प्राविधिक काम गर्ने,
- उद्यमविकासको लागि घुम्ती कोष तथा बिउ पूँजी अनुदानको व्यवस्था गर्ने,
- उद्यमीहरुलाई उन्नत प्रविधि तथा अन्य पूर्वाधार निर्माणमा सहयोग तथा साझेदारी गर्ने,
- उद्यमीहरुलाई घरयासी उपचारमा प्रेरित गरी अर्गानिक व्यवसायको पहिचान दिने,
- छनौटमा परेका लाभग्राहीहरुलाई माग अनुसारको तालिम, वित्तीय साक्षरता, डिजिटल साक्षरता, महिला सशक्तिकरण तथा व्यावसायिक योजना कक्षा सञ्चालन गर्ने,
- सङ्कलन केन्द्र/बजार समिति निर्माणको लागि सहजीकरण गर्ने, बजार सञ्चालन कार्यविधि अनुसारका विषयवस्तुलाई समेटेर अगाडि बढ्ने,
- बजार भाउको आधारमा खरिद बिक्री मूल्य निर्धारण गर्ने, उद्यमीहरुबाट उत्पादित वस्तुको बजारीकरणको लागि प्रत्येक उद्यमीलाई थोक बिक्रेताको सम्पर्क नम्बर प्रदान गरी बिचौलियाको मारबाट मुक्त गराउने,
- डिजिटल प्रविधिबाट विज्ञापन तथा बजारीकरण अवधारणाको विकास गर्ने ।

१७. **बजेट कार्यान्वयनको खाका :** यस कार्यविधि बमोजिम उद्यमशिलता विकासको लागि विनियोजन हुने वार्षिक बजेटलाई देहायको सीमाको अधिनमा रही कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ-

(१) अभिमुखीकरण, वित्तीय तथा डिजिटल साक्षरता र सशक्तिकरण कक्षा सञ्चालन २०%

(२) सीप विकास तालिम तथा तथा व्यावसायिक योजना निर्माण २०%

(३) उद्यमीहरुका लागि कृषि तथा अन्य सहयोगी पूर्वाधार निर्माण १५%

(४) व्यवसाय स्टार्टअप सहजीकरण तथा उद्यमशिलता विकास टेवा २५%

(५) उत्पादित वस्तुहरुको प्रशोधन तथा बजारीकरण प्रवर्द्धन १०%

(६) जनशक्ति व्यवस्थापन, प्रशासनिक खर्च र अनुगमन तथा मूल्याङ्कन १०%

१८. **कार्यक्रम सञ्चालन हुने स्थान :** यस गाउँपालिकाले आफ्नै श्रोत र साधनका साथै संघीय सरकार, प्रदेश सरकार र अन्य विकास साझेदार निकायको सहयोग लिएर आवश्यकता तथा माग अनुसार स्थान छनौट गर्नेछ । कार्यक्रमको स्थान छनौट गर्दा व्यवसायको लागि उपयुक्त हावापानी, माटो, बजार र लक्षित वर्गको चाहना अनुसार निर्देशक समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१९. **कार्यक्रमको समयावधि :** कार्यक्रमलाई सफल रुपमा सञ्चालन गरी सम्पन्न गर्नको लागि तथा नमुना बनाउन २ वर्षदेखि ३ वर्षसम्मको समय परीक्षण अवधिको रुपमा प्रस्ताव गरिएको छ । कार्यक्रमको लागि आवश्यक पर्ने बिउ, मल, बिषादी, सीप, ज्ञान, प्रविधि, खाद्यान्न, पूँजी र मानवश्रोत स्वयं सदस्यहरुबाट व्यवस्थापन गरिने भएकोले यो मोडल उद्यमी सदस्यहरुले आवश्यक ठानेको खण्डमा निरन्तरता दिन समेत सकिनेछ ।

२०. **सहयोग लिन सक्ने :** उद्यमी समूह तथा संस्थाहरुलाई सशक्त बनाउन विकास साझेदार संघसंस्था, सरकारी तथा गैरसरकारी निकाय र समाजसेवी व्यक्तिहरुबाट उद्यमी समूह तथा संस्थाहरुले निर्णय तथा सम्झौता गरी सहयोग लिन सक्नेछन्-

(क) पूर्ण अनुदान गर्नेगरी

(ख) ब्याजरहित सावाँ फिर्ता गर्नेगरी र

(ग) वार्षिक ६% ब्याजसहित सावाँ फिर्ता गर्नेगरी।

२१. **विविध :** (१) कार्यक्रम व्यवस्थापन सम्बन्धी सम्पूर्ण नीतिगत निर्णय गर्ने, लाभग्राही छनौट, कार्यक्रम तर्जुमा गर्ने जिम्मेवारी निर्देशक समितिको सिफारिसमा गाउँ कार्यपालिकामा, निर्णय भएबमोजिमका कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयमा र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पालिकास्तरीय तथा आवश्यकता अनुसार वडास्तरीय अनुगमन समितिको हुनेछ।

(२) ग्रामीण विकास सहजकर्ता तथा कार्यक्रम सुपरभाइजरहरुले नियमित तथा मासिक रिपोर्टिङ कार्यक्रम संयोजकलाई र संयोजकले नियमित तथा मासिक रिपोर्टिङ निर्देशक समितिलाई र निर्देशक समितिले त्रैमासिक रुपमा गाउँ कार्यपालिकामा तोकिएको ढाँचामा रिपोर्टिङ गर्नुपर्नेछ।

(३) कार्यक्रम सञ्चालनको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएका बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

## अनुसूची- १

## हामीले प्रतिवद्धता गरेको मुल्य र मान्यताका बुँदाहरु

मबाट मेरो परिवार र मेरो परिवारबाट मेरो समुदाय हुँदै समृद्ध समाज, सुखी नेपालीको सपना साकार हुन्छ भन्ने मान्यताले पहिलो चरणमा व्यवसाय सञ्चालनमा सहजता पुऱ्याउने हेतुले देहायानुसारका नीति नियमहरु हामी राजिखुसीले बनाई पालना गर्ने प्रतिवद्धता गर्दछौं ।

**पारिवारिक व्यवस्थापन** :–

- बिहान ५:०० बजे उठ्ने र ट्वाइलेट, हातमुख सफा गरी चियानास्ताको समय तथा परिवारका सदस्यहरुको कामको बाँडफाँट ६:३० बजेसम्म गर्ने,
- बिहान ६:३० बजेदेखि १२:०० बजेसम्म व्यवसाय तथा अतिरिक्त क्रियाकलाप गर्ने,
- मध्यान्न १२:०० बजेदेखि १:०० बजेसम्म खाना र १ बजेदेखि २ बजेसम्म आराम गर्ने,
- दिउँसो २:०० बजेदेखि ६:०० बजेसम्म व्यवसायको कामकाज गर्ने,
- बेलुकी ६:०० बजेदेखि ८:०० बजेसम्म घरायसी अतिरिक्त क्रियाकलापहरु गर्ने,
- राति ८:०० बजेदेखि ९:०० बजेसम्म साँझको खाना खाने,
- राति ९:०० बजेदेखि ९:३० बजेसम्म दिनभरी गरेका कामको समिक्षा, आय व्यय विवरणको लेखाजोखा गर्ने र भोलीको कार्ययोजना निर्माण गरी १०:०० बजेसम्म सुतिसक्ने,
- हप्ताको कुनै एक दिनलाई घर तथा व्यक्तिगत सरसफाई गर्ने दिनको रुपमा छुट्याउने ।

**सामाजिक व्यवस्थापन :–**

- समूह तथा संस्थाको बैठक ठीक मिति, समय र स्थानमा तोक्ने र तोकिएको समयभन्दा ५ मिनेट ढिलो आएमा रु ....... जरिमाना समूहको कोषमा राखिने र बैठकको अवधि २ घण्टा राख्ने,
- मर्दा, पर्दाको काममा सामाजिक रहनसहन अनुसार सहयोगी बन्ने,
- महिनाको अन्तिम दिनमा चेतना अभिवृद्धि तथा ज्ञान आदानप्रदान गर्न २ देखि ६ बजेको समयलाई छुट्याउनु पर्नेछ भने यो दिनलाई सामाजिक विकासमा टेवाको दिन सम्झेर सार्वजनिक स्थल, गाउँसमाज तथा घर वरिपरि देखिएका समस्याहरुलाई सबैले मिलेरसँगै काम गर्ने,
- सम्बन्धित सहयोगी निकायहरुमा योजना माग गर्ने तथा सहयोगी निकायबाट प्राप्त भएका योजनाहरुलाई सार्वजनिक गरी व्यवस्थापनमा सहयोग पुऱ्याउने जस्ता कामहरु गर्ने ।

## अनुसूची- २

**ग्रामीण विकास सहजकर्ता** (RDF) **छनोटका लागि आवश्यक योग्यता तथा शर्त** :–

- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक,
- कम्तिमा एस.एल.सी. वा सो सरहको अध्ययन पूरा गरेको हुनुपर्ने,
- कृषि/भेटेरीनरी उत्तीर्णलाई विशेष ग्राह्यता र १०+२ उत्तीर्णलाई प्राथमिकता दिइने,
- कार्यक्रम सञ्चालन हुने क्षेत्रमा बसोबास गर्ने वा सो नभएमा सम्बन्धित वडाको बासिन्दा हुनुपर्ने,
- स्थानीय स्तरमा प्रशिक्षक वा सामुदायिक परिचालनकर्ताको रूपमा कार्य गरेको अनुभव भएको,
- डिजिटल साक्षरता तथा डिजिटल उपकरण/एप्लिकेसन जस्तै डिजिटल वालेट, मोबाईल बैङ्किङ एप र कृषि एप्सहरु सञ्चालन सम्बन्धी ज्ञान भएको,
- वित्तीय साक्षरता, उद्यमशीलता विकास सम्बन्धी गतिविधिहरू, लैङ्गिक मुद्दाहरू, महिला एजेन्सीका विषयवस्तु वा महिला सशक्तिकरणका कार्यक्रमहरु बारेमा जानकार भएको,
- निर्धारण गरिने कक्षा सञ्चालन वा सहजीकरणका कार्यहरु पूरा नभएसम्म काम गर्न दृढ प्रतिवद्धता भएको,
- गाउँ कार्यपालिकाको कार्यालयबाट निर्धारित कार्यक्रमको लागि आवश्यक अन्य विषयहरु ।

**आज्ञाले**

**पूर्ण बहादुर बुढा**

**नि. प्रमुख प्रशासकीय अधिकृत**